**Dhaulagiri Journal of Contemporary Issues**
ISSN: 2990-7993
**Publisher:** RMC, Dhawalagiri Multiple Campus, Baglung

# नेपालमा तालुकदारी प्रथा

हिरालाल रेग्मी
उपप्राध्यापक, अर्थशास्त्र विभाग
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: hira.regmi@dmc.tu.edu.np

**लेखसार**

तालुकदारी प्रथा विगतमा न्यायिक, प्रशासनिक तथा वित्तीय अधिकारसहित भूमिकर वा मालपोत सङ्कलन गर्नका लागि राज्यका तर्फदेखि व्यवस्था गरिएको एक महत्त्वपूर्ण प्रथा मानिन्छ । यस प्रथालाई जिम्वाली तथा मुखियाली प्रथा पनि भन्ने गरिन्छ । नेपालमा तालुकदारी प्रथा र यस प्रथामा भूमिकरसम्बन्धी व्यवस्थाका बारेमा विमर्श गर्ने र तत्कालीन अवस्थामा तालुकदारहरुको सामाजिक, प्रशासनिक तथा न्यायिक अधिकार एवम् दायित्व जस्ता विषयका सम्बन्धमा जानकारी गराउने उद्देश्य तथा सीमाभित्र केन्द्रित रही स्वअनुभव, तत्कालीन समयमा मुखियाको जिम्मेवारीमा रहेका एवम् तालुकदारी प्रथाको अनुभव गरेका अग्रजव्यक्तिहरुको धारणाहरु समेत समावेश गरी पुस्तकालयीय अध्ययनबाट प्राप्त तथ्य र सूचनालाई आधार मानेर विवरणात्मक र व्याख्यात्मक शैलीमा यो आलेख तयार गरिएको छ । नेपालमा विगतमा प्रचलनमा रहेको तालुकदारी प्रथामा तालुकदारहरुको सामाजिक दायित्व तथा स्थान र भूमिकरसम्बन्धी व्यवस्थालाई अनुसन्धान समस्याका रुपमा उठान गरिएको छ । लिच्छवी शासनकालदेखि नै केन्द्रीय शासकहरुबाट नियुक्त गरिएका स्थानीय व्यक्तिहरुले आफ्नो क्षेत्र वा इलाकाबाट कर सङ्कलन गर्नका लागि जिम्मावाल तथा मुखियाहरु (तालुकदार) को व्यवस्था गर्ने गरेको पाइन्छ । राज्यका तर्फबाट व्यवस्था गरिएका तालुकदारहरुका माध्यमबाट भूमिकर सङ्कलन गरी सरकारी कोषमा दाखिला गर्ने चलन विक्रम सम्वत् २०३७ सालसम्म रहेको पाइनुले यस प्रथाले नेपाली समाजमा बलियोसँग जरा गाडेको तथ्य पत्ता लाग्दछ । जिम्मावाल, मुखिया, जिमीदार, चौधरीजस्ता तालुकदाररुको व्यवस्था गरी उनीहरुलाई न्यायिक, प्रशासनिक तथा वित्तीय अधिकार प्रदान गरिनुले यो प्रथाले कानूनी हैसियत पनि प्राप्त गरेको देखिन आउँछ । जग्गा जमिनलाई विभिन्न एकाइ तथा प्रकारमा विभाजन गरी सोहीअनुसार राज्यद्वारा निर्धारण गरिएको कर सङ्कलन गरी राज्यकोषमा दाखिला गर्ने कार्य तालुकदारहरुले गर्दथे । वर्तमान समयमा यो प्रथा कायम रहेको छैन तर पनि आफ्नो जिम्माभित्रको गाउँबस्तीमा सामाजिक तथा सरकारी कार्यहरुका लागि झारा लगाउने, सर-सफाई गर्ने तथा थिति बसाल्ने जस्ता काममा पनि तालुकदारको भूमिका धेरै रहने गर्दथ्यो ।

***शब्दकुञ्जी*** : झारा प्रथा, तालुकदारी प्रथा, बेठ-बेगारी, भूमिकर, रैती

## विषय परिचय

नेपालको प्रशासनिक इतिहासको अवलोकन गर्दा विभिन्न कालखण्डमा भूमिकर वा मालपोत सङ्कलन गर्नका लागि विभिन्न पदहरुको सिर्जना तथा व्यवस्था गर्ने गरेको पाइन्छ । यी मध्येको एक व्यवस्था तालुकदारी व्यवस्था पनि हो । रैतीबाट मालपोत असुलउपर गरी मालअड्डामा दाखिल गर्ने र तालुकदारी ऐनसवालबमोजिम कामगर्ने व्यक्ति गाउँको मुखिया तथा जिम्मावाललाई तालुकदार भनिन्छ भने तालुकदारका काम वा अधिकार वा जिम्मावारीलाई तालुकदारी प्रथा भनिन्छ (नेराप्रप्र, २०५५) । नेपालमा भूमि प्रशासन लागू हनुभन्दा पूर्व पहाडी भेगका जमिनको मालपोत असुल गरी सरकारमा बुझाउने प्रमुख ठेकेदार जिम्वाल वा जिम्मावाललाई गाउँको तालुकदार वा मुखिया भन्ने गरिन्थ्यो । लिच्छवीकालमा शौलिकन, गौलिमक, कुथेर, सुल्ली आदिले मालपोत सङ्कलनको काम गर्ने गरेको पाइन्छ । तत्कालीन समयमा राज्यको आम्दानीको मुख्य स्रोत भनेको नै कर थियो । अधिनस्त तथा विजित सामन्तहरुसित करभेट र युद्धको हरजना लिइन्थ्यो । समय-समयमा नयाँ करहरु पनि प्रयोगमा ल्याइन्थ्यो । कृषकहरुलाई कृषिकर लाग्ने व्यवस्था थियो । सामन्तहरुले कृषिकर उठाउनका लागि आफ्नो क्षेत्रमा विभिन्न व्यक्तिलाई जिम्मा दिएका थिए । यसबाट नै जिम्वाल तथा मुखिया प्रथाको थालनी भएको हुन सक्दछ (भण्डारी, २०५५) । मध्यकालमा सामन्त, महासामन्त, उमराव आदिले केन्द्रका लागि मालपोत तथा सिर्तो उठाउने काम गर्दथे । राणाशासन कालमा स्थानीय स्तरमा राजश्व सङ्कलन गर्ने अधिकारीलाई मुखिया, जिम्मावाल तथा जिमिदारी भन्ने गरिन्थ्यो । कर्णाली प्रदेशमा कर सङ्कलन गर्ने कार्य महतारा, रोका, रोकाया, रोक्का जस्ता गाउँले प्रमुख र तिनका सहयोगीहरुलाई दिइएको पाइन्छ (भण्डारी, पूर्ववत्) । यसबाट के स्पष्ट हुन्छ भने तत्कालीन समयमा राज्यका तर्फबाट विभिन्न पदहरुको सिर्जना गरी कर सङ्कलन गर्ने परिपाटी अन्तर्गतको एक प्रथा तालुकदारी थियो । तालुकदारी प्रथामा गाउँ र आवादी जग्गालाई निश्चित मौजामा वर्गीकरण गरी पहाडी क्षेत्रमा मालअड्डाबाट खेततर्फ जिम्मावाल र पाखोबारीतर्फ मुखिया तथा तराई क्षेत्रमा जिमीदार पदका अलग-अलग तालुकदार नियुक्त गर्ने गरिन्थ्यो । ती तालुकदारहरुमाथि मालअड्डाको नियन्त्रण रहने व्यवस्था गरिएको थियो । यस मालअड्डाले रैकर तथा गुठी जग्गाको लगत राख्ने काम गर्दथ्यो । किसान तथा जमिनदारहरुबाट सोझै कर नउठाइ स्थानीय व्यक्तिहरु पहाडी क्षेत्रमा जिम्मावाल, मुखिया र तराईमा चौधरी

**Article information**
**Manuscript received**: 22 May, 2023
**Accepted:** 24 June, 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

तथा पटवारी आदिबाट उठाउने प्रबन्ध मिलाइएको थियो । यिनीहरूले आ-आफ्नो क्षेत्रमा मालपोत असुल गर्दथे । मालअड्डामा कर दाखिला गरेपछि आफ्नो प्रतिशत प्राप्त गर्दथे । यो प्रतिशत पहाडमा भन्दा तराईमा केही बढी हुने गर्दथ्यो (संग्रौला, २०५७) । राज्यले जग्गालाई विभिन्न स्तरमा विभाजन गरी सोहीअनुसार कर निर्धारण गर्ने परम्पराको थालनी उतिबेला देखि नै भएको पाइन्छ ।

वर्तमान समयमा यो प्रथाको अस्तित्त्व नरहे तापनि नेपाली जनमानसबाट यो प्रथाको चर्चा लोप भएर गइसकेको छैन । चौबीसी राज्यअन्तर्गतको एक पैयुँ राज्यको राजधानी रहेको पैयुँकोट मन्दिरको नाममा वि. सं. १५०२ तदेखि नै तत्कालीन सेन राजाहरुले त्यस क्षेत्रको विभिन्न ठाउँमा सातवटा मुखियाका नाममा प्रशस्त गुठी जग्गाको प्रबन्ध गरी यही गुठी जग्गाको आम्दानीबाट कोटघरमा पूजाआजा गर्ने प्रबन्ध गरेको हुनाले पनि नेपाली समाजमा मुखिया प्रथा सयौं वर्ष अघिदेखि नै प्रचलनमा रहेको देखिन्छ (रेग्मी र पन्त, २०७४) । नेपाली समाज र अर्थतन्त्रमा लामो समयसम्म कायम रहेको यो प्रथाका बारेमा वर्तमान पुस्ता पूर्णतः विज्ञ रहेको पाइदैन । राज्यको कर व्यवस्थामा महत्त्वपूर्ण हिस्सा ओगटेको यस प्रथाको तत्कालीन समयमा ठूलो महत्त्व रहेको थियो । राज्य व्यवस्थाको प्रमुख अङ्गका रुपमा सरकारी श्रेस्ताहरू, निर्देशिका तथा मुलुकी ऐनमा यस प्रथालाई उल्लेख गरिनुले यसको भूमिका र महत्त्व कति थियो भन्ने कुरालाई स्वतः पुष्टि गर्दछ ।

तालुकदारी प्रथाअन्तर्गत भूमिकर सम्बन्धमा विभिन्न साहित्यहरुमा वर्णन गरिएको भए तापनि तालुकदारहरुको सामाजिक दायित्व, न्यायिक तथा प्रशासनिक अधिकार, तालुकदारी प्रथा र वर्तमान अवस्थामा कर संरचनाको तुलनात्मक अध्ययन आदिका बारेमा व्यापक अध्ययन नगरिएकोले यस अध्ययनमार्फत् उक्त अभावलाई पुरा गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

नेपालको इतिहासमा विगतमा अस्तित्वमा रहेको तालुदारी प्रथा तथा यसअन्तर्गत भूमिकरसम्म्बन्धी व्यवस्थाका बारेमा विमर्श गर्ने तथा तालुकदारको सामाजिक हैसियत र दायित्वका बारेमा पाठकलाई जानकारी गराउने उद्देश्य यस अध्ययनको रहेको हुँदा वर्णनात्मक र विश्लेषणात्मक तरिकाबाट सूचना तथा तथ्यहरुलाई प्रस्तुत गरिएको छ । तालुकदारी प्रथाका बारेमा लेखिएका विभिन्न पुस्तकहरु, तत्कालीन अवस्थामा तालुकदारको भूमिकामा रहेका र तालुकदारी प्रथाको अनुभव गरेका विभिन्न व्यक्तिहरु तथा स्वअनुभवलाई सूचनाको स्रोत मानी यी सबैबाट प्राप्त भएका तथ्यका आधारमा पुस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा यो अध्ययन गरिएको छ ।

## विश्लेषण र नतिजा

नेपालमा विगतमा प्रचलित तालुकदारी प्रथाको ऐतिहासिक पक्ष, यसको कानूनी मान्यता, तालुकदारको सामाजिक दायित्व र अधिकार, यसअन्तर्गत भूमिकर लगायत कर संरचनासम्बन्धी व्यवस्था, यस प्रथाका सकारात्मक तथा कमजोरी पक्ष जस्ता पक्षका बारेमा विमर्श गर्ने उद्देश्यसहित यो आलेख तयार पारिएको छ । यस खण्डमा तालुकदारी प्रथासँग सम्बन्धित यिनै विविध आयाम केलाउने प्रयास गरिएको छ ।

### ऐतिहासिक पक्ष

नेपालमा प्राचीन कालदेखि नै कर प्रणालीको विकास हुँदै आएको थियो । वर्तमानमा जस्तै प्रत्यक्ष तथा अप्रत्यक्ष दुबै किसिमका करहरू त्यस समयमा प्रचलित थिए । प्रमुख करका रुपमा भूमिकर रहेको थियो । कुनै वखत भूमिकर उठाउनका लागि सरकारले सरकारी कर्मचारी नियुक्ति गरेर सोझै उठाउने गर्दथ्यो । यस तरिकालाई अमानत पद्धति भन्ने गरिएको पाइन्छ । यसका अतिरिक्त जागिरे वा जगेरा, विर्तावाल, जिमीदार, ठेकेदार, मुखिया, जिम्मावाल आदिको व्यवस्था गरेर पनि करहरु सङ्कलन गर्ने गरिन्थ्यो । यसर्थ नेपालको एकीकरण हुनपूर्व नै जिम्मावाल तथा मुखिया जस्ता पदहरु कर सङ्कलनका लागि प्रचलनमा रहेको तथ्य यसबाट अझै प्रष्ट हुन्छ (उपाध्याय, २०५६) । पृथ्वीनारायण शाहको समयमा थुमहरुको शासनसम्बन्धी कार्यभार द्वारेहरुलाई सुम्पिएको थियो । यिनीहरुले त्यस क्षेत्रका जिल्लाहरुको संरक्षण गरी थुम र गाउँहरुमा कर सङ्कलन गर्नुका साथै शान्ति सूरक्षा कायम राख्ने दायित्व प्राप्त गरेका थिए । मुखिया, जिम्मावाल जस्ता व्यक्तिले गाउँ-गाउँमा कर सङ्कलन गर्ने कार्य गर्दथे (शर्मा, २०५१) । पृथ्वीनारायण शाहको एकीकरण अभियानभन्दापूर्व नेपालको भू-भाग विभिन्न ६० वटा स-साना टुक्रे राज्यमा विभाजित थियो । यी राज्यहरुमा विभिन्न वंशका राजाहरुले राज्य गर्दथे । यातायात र सञ्चारका साधनको अभाव, भौगोलिक कठिनाई, शस्त्र-अस्त्रको अपर्याप्तता, राजा र जनतामा राष्ट्रियताको अभाव आदिजस्ता कारण राज्यहरू निर्माण हुने र टुक्रीने गरेको पाइन्छ । भौगोलिकरुपले विकट क्षेत्रका डाँडा, थुम, गढी आदि स्थानमा स-साना राज्यहरु स्थापना हुने गर्दथे । यस प्रकारका राज्यहरु अहिलेका जिल्ला जस्तै आकार-स्वरुपमा रहेका थिए । यिनले आफ्नो क्षेत्रभित्र न्याय व्यवस्था कायम गराइराख्न र कर सङ्कलनका लागि तालुकदारहरुको नियुक्ति गर्ने गर्दथे (शर्मा, पूर्ववत्) । यस प्रकार राज्यले कर सङ्कलनका लागि व्यवस्था गरेको प्रणाली नै तालुकदारी प्रथा रहेको थाहा हुन्छ ।

केन्द्रीयस्तरमा राज्य बलियो नभएको अवस्थामा शासन सञ्चालनका लागि केन्द्रद्वारा सामन्त हरु नियुक्त गर्ने गरिन्थ्यो । लिच्छविकालमा सामन्तलाई राज्यको उच्च ओहदाको एक दर्जा मानिन्थ्यो जसले राज्यको रजौटाका रुपमा कर सङ्कलन गरी सरकारलाई बुझाउने गर्दथे (नेपाली बृहत् शब्दकोष, २०५५) । यिनीहरुलाई मण्डलाधीश भन्ने गरिन्थ्यो । राजाको निधनपछि वंश परम्पराअनुसार गद्धीको हकवालाले आफू गद्धीमा बसेपछि आफ्ना भाइ बन्धुहरुलाई अंशवण्डा गर्दा विभिन्न भौगोलिक क्षेत्रको जिम्मा लगाउने र उनीहरुले आफ्नो जिम्मा परेको क्षेत्रमा खेतीपाती गर्न र कर उठाउन मुखिया तथा जिम्वालहरुको नियुक्ति गर्ने गरेको पाइन्छ (चालिसे, २०५८) । आधुनिक कालमा स्थानीय तहमा राजकीय कर जम्मा गर्ने, जग्गा आवाद गराउने, न्याय व्यवस्था हेर्ने तथा लोकहित हेर्ने व्यक्तिहरु रजौटाहरु उमराव, द्वारे, नाइके, तालुकदार वा मुखिया जिम्मावाल, अमाली, चौधरी, कटुवाल, नेग, टहलुवा आदि थिए (सुवेदी, २०६१) । मालपोत तथा भूमिकर सङ्कलन गरी केन्द्रमा रहेको सरकारलाई बुझाउने प्रचलन पञ्चायतकालमा जग्गाको नापी नक्शांकनको कार्य समाप्त नहुँदासम्म (वि.सं. २०३७ सम्म) नै रहेको देखिन्छ । तालुकदारहरु मार्फत् मालपोत लगायतका राज्यलाई बुझाउनुपर्ने अन्य करहरू उठती-पुठती गर्ने चलनले कानूनी मान्यता प्राप्त गरेकोले यो व्यवस्था तालुकदारी प्रथाका नामबाट नेपालको इतिहासमा कायम रहेको पाइन्छ ।

राणाशासन कालमा जिल्लाका सम्पूर्ण आर्थिक कार्यक्रमहरु जिल्लाका हाकिम वा सुब्बाको रेखदेख र नियन्त्रणमा

राखिएका थिए । सुब्बाले सरकारलाई हानी, नोक्सानी नहुने गरी आफ्ना जिल्लामा खानी, बजार, हाट, पेटीया आदिलाई इजारा वा अमानतमा राख्न आवश्यक कार्य गर्नुपर्दथ्यो । त्यसवखत यिनीहरुलाई आफ्नो क्षेत्रभित्र रैकर जग्गाको मात्रा बढाउनु भन्ने निर्देशन दिने गरेको पाइन्छ । आफ्नो इलाकाभित्र चौधरीहरु, मुखिया, जिम्मावाल जस्ता तालुकदारहरु नियुक्त गर्ने, राजश्व सङ्कलन गरी केन्द्रीय ढुकुटीमा पठाउने आदि काम सुब्बाहरुले गर्नुपर्दथ्यो ।

राणाशासन कालमै जिल्लालाई मौजा, थुम, गढी आदिमा विभाजन गरी सोहीअनुसार राज्यका प्रतिनिधिका रुपमा तालुकदारहरुबाट राजश्व सङ्कलन गर्ने गरेको पाइन्छ । यिनीहरुले मालपोत सङ्कलन गरेको आधारमा असुल भएको राजश्वको केही अंश पारीश्रमिकका रुपमा प्राप्त गर्दथे । जंगबहादुर कुँवरको समयमा भोटसँग युद्धको तयारीका लागि आवश्यक पर्ने खर खजानाका लागि बन्दोबस्ती गर्ने क्रममा मधेशतर्फ प्रशस्त अनाजहरु जम्मा गरी ठूलाठूला भकारी बनाई जिमीदार, चौधरी र पटवारीहरुको जिम्मामा राखिएको थियो (ज.ब.रा., २०४७) । प्रधानमन्त्री जंगबहादुरले तराईमा जिमिदारी प्रथाको शुरुवात गरेका थिए । जिमिदारी पद शुरु हुनुभन्दा अघि तराईमा चौधरी पद थियो । ती चौधरीहरुले तोकिएको क्षेत्रभित्र मालपोतकर उठाइ सरकारलाई बुझाउँथे । जिमीदार पद सिर्जना गरेपछि चौधरीले गर्ने सम्पूर्ण काम जिमीदारलाई जिम्मा लगाइएको पाइन्छ (ढकाल, २०७४) । राणाहरुले आफ्ना नातेदार, भाइ भारदार र सरकारी कर्मचारीहरुलाई प्रशस्त मात्रामा विर्ता जग्गा बाँडी आफ्नो जग्गामा तिरो सङ्कलन गरी उपभोग गर्न पाउने बन्दोबस्त मिलाएका थिए । यसरी विर्ता पाएका विर्तावालहरुले पनि कर सङ्कलनका लागि जिम्मावाल तथा मुखियाहरुलाई नै जिम्मा दिने प्रबन्ध गरेका तथ्यहरु पाइन्छन् ।

तालुकदारी प्रथा लागू भएपछि ग्रामीण इलाकालाई निश्चित मौजामा विभाजन गरी ती मौजाका बासिन्दाहरूले दश-दश वर्षमा घरदर गरेपश्चात (घर जग्गाको लगत तयार गर्ने) आवादी जग्गाको मोठ लगत तयार गरिएपछि राजश्व सङ्कलन गर्ने कार्य सुव्यवस्थित भएको थियो (बानियाँ क्षेत्री, २०६३) । मालअड्डाबाट नियुक्त गरिएका तालुकदारहरूको क्षेत्राधिकार अलग अलग हुने गर्दथ्यो । एउटै मौजा तथा थुममा पनि एकभन्दा बढी तालुकदार हुने हुँदा ग्रामीण प्रशासनमा बेलावखत खिचलो पनि उत्पन्न हुने हुँदा रैती दुनियालाई सास्ती हुने गरेको थियो । यही स्थितिलाई महशुस गरी वि.सं. २०१८ मा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको थियो । यसरी गठन गरिएका जिल्लाभित्रका गाउँपञ्चायत र नगरपञ्चायतहरूले ग्रामीण न्यायिक र प्रशासनिक कार्य गर्ने गरे तापनि मालपोत सङ्कलन गर्ने कार्य भने तालुकदारहरूले नै गर्दथे । यो तालुकदारी प्रथा नेपालमा जग्गाको नयाँ नापजाँचको कार्य रहुञ्जेलसम्म कायम रहेको थियो । मालपोत ऐन २०३४ लागू भएपछि तालुकदारी प्रथा खारेज गरेर मालपोत कार्यालयबाट खटाइएका कर्मचारीहरूद्वारा मालपोत असुल गर्ने व्यवस्था गरिएको थियो (बानियाँ क्षेत्री, २०६३) । यस प्रकार नेपालमा रैकर जग्गाको नापजाँच कार्य सम्पन्न नहुँदैसम्म तालुकदारी प्रथा लामो समयसम्म अस्तित्वमा रहेको पाइन्छ ।

## कानूनी मान्यताको अवस्था

तालुकदारी प्रथा तत्कालीन अवस्थामा राज्यको एक अङ्गका रुपमा नै रहेको पाइन्छ । सरकारका निर्णय तथा मुलुकी ऐनमा समेत तालुकदारी प्रथाका बारेमा चर्चा गरिएको पाइनुले यो प्रथाले कानूनी मान्यता पाएको स्पष्ट हुन्छ । राज्यले एकपटक तालुकदारको जिम्मा दिएपछि बिनाकसुर तालुकदारी खोस्न पाउँदैनथ्यो । केही परिबन्दले यो पद खाली भई निवेदन पर्न आएमा र नयाँ बन्दोबस्त गर्नु परेमा दामकाम नबिग्रने धेरैजना रैतीले रोजेको व्यक्तिलाई ऐनको रीत पुऱ्याई वहाली गर्नुपर्ने व्यवस्था थियो । त्यस्तै दर्तावाल तालुकदार मरी भागी खाली भएमा उसका हकवालालाई दिंदा र बाँकीमा पजनी भएकोमा बाँकी तिरी सकार गर्नेलाई वहाली दिंदा भने रैती रोजाउनु नपर्ने व्यवस्था थियो । तिरो बाँकीमा कैद परेकालाई भने तालुकदारी दिन नपाइने व्यवस्था थियो । यो पद विदेशी नागरिकले प्राप्त गर्न सक्दैनथे । सरकारी रकम हिनामिना नगरेको तथा चोरीको कसुर नलागेको व्यक्तिले मात्र तालुकदार हुन पाउँथे ।

तालुकदार पद एक अर्कोमा सार्न र बेचबिखन गर्न नपाउने व्यवस्था कायम गरिएको थियो । तालुकदारले राजीनामा गर्न पाउँदैनथे । 'जिम्मावाली तालुकदारी बेचबिखन धितो बन्धक समेत गरी लिनुदिनु गरेको सदर हुँदैन । उसै गाउँका रैतीले रोजेकालाई दिनु पर्दछ' भन्ने व्यहोरा वि.सं. १९१० मा बनेको मुलुकी ऐनको महल ९ को १६ नं. मा उल्लेख गरिएको छ (श्रेष्ठ, २०५०) । यसै महलको ११ नं. मा 'जगाको दामकाम गर्ने जिम्मावाल तालुकदार मोही नाइके इत्यादिहरुले आफूले गरेको दामकाम गर्न सक्दिन भनी दशैंका टीकादेखि श्रीपञ्चमी सम्ममा राजीनामा गरी छाड्छु भने छाड्न पाउँछ । अड्डाबाट पनि राजीनामा गराइ उसका ठाउँमा काम हर्जा हुन नपाउने गरी कानूनको रीत पुऱ्याएर अर्को बन्दोबस्त गर्नुपर्दछ । एकै मानिसले धेरै ठाउँको जिम्मावाली, तालुकी, मोही, नाइके इत्यादि लिएकोमा कुनै थामी तथा कुनै राजीनामा गरी छाड्न भने पाउँदैन । राजीनामा गरी छाड्नेसँग नेपाल सरकारको लिनुपर्ने बाँकी भए कानून बमोजिम असुल गरी लिनुपर्दछ' भन्ने व्यहोरा उल्लेख गरिएको छ । एक ठाउँबाट राजीनामा दिएको तालुकदारले अर्को कुनै पनि गाउँको तालुकदारी हुन नपाउने व्यवस्था रहेको पाइन्छ (श्रेष्ठ, २०५०) । यसप्रकार तत्कालीन समयमा सामाजिक थिति कायम गर्नका लागि राज्यको कानूनका रुपमा रहेको मुलुकी ऐन लगायत राज्यका ऐनसवालमा तालुकदारी प्रथाका सम्बनधमा चर्चा परिचर्चा हुनुले यसको कानूनी मान्यताप्रति विश्वस्त हुन सकिने आधार रहेको देखिन्छ ।

राणाशासन कालमा जिमीदारलाई तराईमा बस्ती बसाई प्रति एवम् बञ्जर जग्गालाई आवादी गरेर खान ऐनसवाल जारी भएको थियो । यिनीहरूले बढीभन्दा बढी जग्गा आवादी गराउनुका साथै आफ्नो कब्जामा जग्गा प्राप्त गरी रैती बसाली खेती गर्न सफल भएका थिए । यसवापत जिमीदारले सरकारलाई कर बुझाउनुपर्दथ्यो । राणा प्रधानमन्त्री वीर शमशेरका पालामा गरिएको प्रशासनिक व्यवस्थामा मालपोत सङ्कलनलाई विशेष महत्त्व दिइएको थियो । मालपोतकर वा जग्गाकर सङ्कलनका लागि ३५ वटा जिल्लाअन्तर्गत स-साना इकाईहरु तोकिएको हुन्थ्यो । ती इकाइहरुलाई मौजा वा थुम भनिन्थ्यो । ग्रामीण क्षेत्रमा रहेका मौजा तथा थुममा तालुकदारको नियुक्ति गरी उनीहरुबाटै कर सङ्कलन गर्ने, जग्गाको विवादसम्बन्धी सानातिना मुद्धा मामिला हेर्ने र किनारा लगाउने व्यवस्था मिलाइएको थियो । तालुकदारहरुको वंशानुगत उत्तराधिकार हुने व्यवस्था पनि कायम गरिएको थियो (बानियाँ क्षत्री, २०६३) ।

जिम्मावाल तथा मुखियाहरुले सरकारको आदेश तथा उर्दी अनिवार्यरुपमा पालना गर्नुपर्ने थिति बसालिएको थियो । सरकारी आदेश पालना नगरेमा निजहरुलाई कडाभन्दा कडा

कारवाही गर्ने भन्ने व्यहोराका उर्दीपत्रहरु सरकार वा मालअड्डाका तर्फबाट जारी हुने गर्दथे । देशको सूरक्षाका लागि खटिएका सैनिकहरुका लागि रासनपानी तथा अन्य बन्दोबस्तीका सामग्री तथा भरिया समेतको व्यवस्था गर्नु भनी मालअड्डाबाट जिम्मावाल तथा मुखियाहरुलाई उर्दी वा आदेश जाने गरेको कुरा तत्कालीन उर्दीपत्र तथा श्रेस्ताहरुको अध्ययन गर्दा यो तथ्य पाउन सकिन्छ (सङ्ग्रौला, २०५७) । तालुकदारहरुले मालपोत तथा अन्य करहरु उठाएर मालअड्डामा बुझाउने गर्दथे ।

जिम्मावाल तथा मुखियाहरूले जग्गा दर्ता गर्ने तथा रजिष्ट्रेशन पास गर्ने कार्य गर्दथे । जग्गाका मोठ वा लगत जिम्मावाल तथा मुखिया र जिमीदारहरुसँग हुन्थे । यिनीहरुले तिरो तिरेको जुन निस्सा वा पुर्जी दिन्थे त्यसको आधारमा रैतीहरुले आफ्नो जग्गाको अधिकार प्राप्त गर्दथे । कसैले जग्गा किनबेच गर्दा जिम्मावाल तथा मुखियाहरूले लगतमा नामसारी गरिदिन्थे । तालुकदारले बहाल पुर्जी नदिएसम्म रैतीको घर तथा जग्गा आधिकारिक हुँदैनथ्यो । एकजना रैतीबाट अर्को रैतीले घरजग्गा राजीनामा लिन चाहेमा मुखियाकहाँ गएर बहाल पुर्जी लिनुपर्दथ्यो । त्यसवखत रैतीले आफ्नो ईच्छाअनुसार तालुकदारलाई रुपैया-पैसा भेटी दिने चलन थियो तर तोकेरै उपहार तथा भेटी लिने चलन भने थिएन ।

वि.सं. २००७ सम्म नेपालका स्थानीय सामन्तहरू, जिम्मावाल, मुखिया, तालुकदार, चौधरी तथा जिमीदारहरूलाई भूमिकर उठाइ सरकारलाई बुझाउने कामका अतिरिक्त कसैलाई पनि १५ कोर्रासम्म हान्ने र १५ दिनसम्म थुनामा राख्ने, सार्वजनिक काम र स्थानीय सामन्तका काममा जनताबाट बेदाममा श्रमदान गराउने, सार्वजनिक कार्यको खर्चका लागि कुनै पनि व्यक्तिलाई सार्वजनिक जग्गा बेच्न पाउने, स्थानीय जनताका दैनन्दिन जीवनमा आइपर्ने विवादहरू र मुद्धामामिलामा न्याय दिन, नाता सम्बन्ध कायम गराउनेजस्ता न्यायिक, प्रशासनिक र वित्तीय अधिकारहरू प्रदान गरिएको थियो (पौडेल, २०७४) । यसबाट थप के प्रष्ट हुन्छ भने तालुकदारी प्रथा तत्कालीन समाजमा एक वैधानिक संस्थाका रुपमा रहेको थियो । समाजमा आवश्यक थिति बसाउनका लागि कानूनी अर्थात् न्यायिक कार्य गर्ने अधिकार समेत तालुकदारहरुलाई रहेकोले राज्यको एक अङ्गकै रुपमा यो प्रथा रहेको मान्न सकिन्छ ।

**सामाजिक दायित्व तथा अधिकार**

नेपाली समाजमा राज्यको एक प्रशासनिक तथा निजामति पदका रुपमा व्यवस्था गरिएको जिम्मावाल तथा मुखिया प्रथामा तालुकदारहरुको विभिन्न अधिकार तथा कर्तव्यहरु पनि हुने गर्दथे । यिनीहरुलाई विभिन्न प्रकारका न्यायिक, प्रशासनिक तथा वित्तीय अधिकारहरु प्रदान गरिएको पाइन्छ । यिनीहरुलाई नातासम्बन्ध कायम गराउनेजस्ता न्यायिक, प्रशासनिक र वित्तीय अधिकारहरू प्रदान गरिएको थियो (पौडेल, २०७४) । लिच्छवी शासनकालदेखि शुरु भएको मानिएको उत्पादन प्रणालीलाई पृथ्वीनारायण शाहपछि उनका उत्तराधिकारीहरूले पनि कायम नै राखेको पाइन्छ । राणाशासन कालमा जिमिदारी प्रथा वा तालुकदारी प्रथा उत्कर्ष अवस्थामा पुगेको थियो । नेपालका स्थानीय सामन्तहरू जिम्मावाल, मुखिया, थरी, राइ, पगरी, चौधरी, जिमीदार तथा कटुवालको तालुकदारी प्रथा लागू हुनुपूर्व अमालीप्रथा कायम थियो । तालुकदारहरुले बालीसेर्मा सङ्कलन गरी राज्य सरकारलाई बुझाउने मात्र कार्य नगरी सामाजिक थिति कायम राख्नमा पनि यिनीहरूको ठूलो भूमिका रहेको हुन्थ्यो ।

साना थुम वा गाउँका स-साना मुद्धा मामिलाको छिनोफानो लगाउने, शान्ति सूरक्षा गर्ने, आफ्नो मौजाभित्रको बनजंगलको संरक्षण गर्ने, बडा हाकिमको आदेश पालना गर्ने, चारदाम ठेकी लिने, सरकारी पाहुनाहरुलाई खुवाउने-पियाउने, सिकार खेलाउने आदिजस्ता काम तालुकदारहरुले गर्दथे । कहिलेकाँही त ज्यान मारिएका मुद्दासमेत यिनीहरूले नै किनारा लगााइदिन्थे (अधिकारी, २०६०) । यी कार्यहरु सम्पादन गर्नका लागि तालुकदारहरुले आवश्यकताअनुसार गाउँका स्थानीय भद्र भलादमीको राय-सल्लाह पनि लिने गर्दथे । एउटै गाउँमा धेरैथरी तालुकदारहरु रहने हुँदा उनीहरु एक आपसमा मिलेर यस किसिमका मुद्धा मामिलाको किनारा लगाउने काम गर्दथे ।

जिम्मावाल तथा मुखियाहरूले गाउँका मन्दिर, चौतारी, चोक आदिमा भद्र भलादमीसहितको छलफल आयोजना गरी मुद्दा मामिला मिलाउने काम गर्दथे । यस किसिमको छलफल तथा भेलालाई कचहरी भनिन्थ्यो । यी कचहरीहरु एक किसिमले गाउँका संसद जस्ता हुन्थे । सामाजिक कार्यहरु गर्नुपर्दा गाउँका तालुकदारहरु र भद्र भलाद्मी भेला भई एक आपसमा छलफल गरी निर्णय गर्ने चलन थियो । तालुकदारहरु र गाउँका भद्र भलादमीको कचहरीले गरेको फैसलाउपर चित्त नबुझेमा राणाशासन कालपूर्व राजाकहाँ र राणाशासन कालमा प्रधानमन्त्री कहाँ उजुरी गर्न पाइने व्यवस्था रहेको थियो । तराईमा जिमीदारले सिंचाइको व्यवस्था गर्ने, हुलाक व्यवस्थालाई सञ्चालन गराउने, अवाञ्छित तत्वलाई निर्मूल पार्ने, जंगलको सुरक्षा गर्ने र काठको चोरी निकासी गर्ने जस्ता कार्यलाई समेत रोक्ने काम गर्नुपर्दथ्यो । गाउँमा रहेका पाटी, पौवा, कुलो, पोखरी, इनार, कुवा आदिजस्ता सार्वजनिक स्थलहरुको स्याहार संभार गर्नुपर्दथ्यो । तालुकदारी प्रथामा जिम्मावाल तथा मुखियाहरुलाई व्यापारिक कर सङ्कलनका लागि ठेक्का पनि दिने व्यवस्था रहेको थियो (पौडेल, २०७४) । यसबाट के स्पष्ट हुन्छ भने तालुकदार तत्कालीन नेपालमा राज्यले सिर्जना गरेको न्यायिक तथा प्रशासनिक पद नै थियो जसले कर सङ्कलनका अतिरिक्त समाजको सूरक्षा गर्ने समेत जिम्मेवारीपूरा गरी राज्यलाई सहयोग पुऱ्याउँथ्यो ।

जिम्मावाल तथा मुखियाहरूको लागि राज्यले विशेष तलब भत्ताको व्यवस्था गरेको थिएन तरपनि यिनीहरूलाई बेठबेगारी लिन पाउने अधिकार भने दिइएको पाइन्छ । खेतीबाली लगाउने र भित्राउने समयमा मुखिया तथा जिम्मावालहरू कहाँ बिना पारिश्रमिक वा मजुरी रैतीहरूले एक वर्षमा एउटा खेतालो श्रमदान गर्ने वा झारा तिर्नुपर्ने प्रथालाई पहाडी क्षेत्रमा बेठ र तराईमा बेगारी भन्ने गरिन्थ्यो (उपाध्याय, २०५६) । तालुकदारले बेठ-बेगारीको उर्दी लगाएपछि आफ्नो घरको काम छोडेर भएपनि उनीहरुकहाँ जानुपर्दथ्यो । त्यस दिन खाजाको व्यवस्था पनि रैतीका तर्फबाट गर्नुपर्ने चलन थियो । यो चलन पहाड र तराई सबै ठाउँमा थियो ।

तराईका थारु समुदायमा जमिनदारको काम नसकिएसम्म आफ्नो खेतको काम शुरु गर्न नपाइने चलन थियो । स्थानीय भाषामा यस्तो कामलाई झराही सुधारी (काम रोक्ने) भनिन्थ्यो (नेपाली र प्याकुरेल, २०६६) । यदि कोही रैती बेठबेगारीमा सामेल नभएमा तिरो बुझाउने र जग्गा नामसारी गर्ने समयमा तालुकदारहरुले केही बढी रकम लिने गरेका तथ्यहरु पनि पाइन्छन् । वि. सं. २०१७ मा नेपाल सरकारले राज्य रजौटा उन्मुलन ऐन लागू गरेपछि कानूनी रुपमा यस किसिमको बेठ-बेगारी प्रथाको अन्त्य भएको थियो (पर्वत पाडका तत्कालीक तालुकदार तेजनाथ रिजालसँग गरिएको कुराकानी) ।

नयाँ मुखियाले माल वा गोश्वारा अड्डाबाट बहाली पुर्जी पाउँथे । त्यसरी पुर्जी पाउँदा श्री ५ मा रु. २, श्री ३ र मुख्तीयारमा रु. १ बुझाउँथे (भट्टराई, २०६८) । जग्गा दाखिला खारेज गर्ने, चैत्र मशान्तसम्म मालपोत उठाइ जेठको प्रथम सातासम्म मालमा दाखिला गर्ने तथा खोला-खाल्सी र रैतीका बाबु-बाजेको लगत राख्ने काम गर्दथे । उब्जनी हेरी कपास, ऊन, फलाम, सिसा, तामा, तेल आदि जिन्सी मालपोत सङ्कलन गर्ने काम तालुकदारहरूको थियो । तालुकदारहरुको मौजाभित्र कुनै पनि रैतीले जग्गा बाँझो राख्न नपाउने चलन थियो । तालुकदारहरुले मालअड्डामा आफूले सङ्कलन गरेको तिरो नबुझाएमा निजहरुलाई वर्खास्त गर्न सकिने व्यवस्था रहेको थियो ।

कुनै रैती वा व्यक्तिले आफ्नो घर खाली गरेर वा बसाईँ-सराइ गरेर गएको वा मुगलानतिर गएको रहेछ भने गाउँका तालुकदारले मालमा गएर जानकारी गराउनुपर्दथ्यो । मालअड्डाले निज तालुकदारलाई नै उक्त जग्गाको जिम्मा लगाउँथ्यो । तालुकदारले उक्त जग्गामा नयाँ रैती राख्न पाउने व्यवस्था थियो । यदि रैती नराखेमा पनि उक्त जग्गाको तिरो तालुकदारले नै तिर्नुपर्दथ्यो । कागजी मुद्राको प्रचलन शुरु नहुँदासम्म मालअड्डामा तिरोका रुपमा सिक्काहरु बुझाउनुपर्ने भएकोले यसका लागि तालुकदारहरूले दुई तीन जनासम्म भरिया खोजेर लैजाने गर्दथे । यसरी जाने भरियालाई तालुकदारले चलनचल्ती अनुसारको दैनिक ज्याला दिने गर्दथे ।

तालुकदारहरूको कामलाई सहयोग पुऱ्याउनका लागि अर्दलीको रुपमा कटुवालको व्यवस्था रहेको थियो । अर्दली कटुवालले गाउँमा उर्दी गर्ने, सरकारी काममा झारा बोलाउनका लागि घोकराख्न लगाउने र मालपोत उठाउन सहयोग गर्ने कार्य गर्दथे । यसवापत कटुवाललाई रैतीहरूले अनाज छुट्टाइदिने र चाडवाडमा खाना खुवाउने चलन थियो । कटुवालले तीन चार गाउँको रखवारी गर्नेगर्दथे । तालुकदारले कटुवाललाई कटुवाले पद दिई सेतो फेटा गुथाउँथे । कटुवालको पनि गाउँमा ठूलै रवाफ हुने गर्दथ्यो । कटुवाले पद वंशानुगत हुने व्यवस्था थियो । गौंडा गोश्वारामा आएका उर्दी, इस्तीहार आदि मुखियाले कटुवालमार्फत् कोट, थुम्का र अग्लो डाँडाबाट सबैले सुन्ने गरी घोक राख्न लगाउँथे । कटुवाल गाउँमा साझा व्यक्ति हुन्थे । कटुवाल कराउँदा सबैजना सजग हुन्थे (भट्टराइ, २०६८) । झारा लगाउनका लागि राखिने घोक दुई प्रकारको हुन्थ्यो । जंगी झाराका लागि कर्नाल फुकेर घोक राख्ने र साधारण कामका लागि कर्नाल नफुकीकन घोक राख्ने चलन थियो । यस किसिमको घोक राख्ने चलन अहिलेसम्म पनि पहाडी क्षेत्रका धेरैजसो गाउँघरहरूमा रहेको पाइन्छ ।

गाउँघरका तालुकदार बडाहाकिम जस्ता हुन्थे । नेपालका पहाडी क्षेत्रहरूमा जिम्मावाल मुखियाको हैकम चले तापनि सानो आकारको भूजोतको कारण वृहतस्तरको उत्पादन संगठित नभएकोले यिनीहरूको आर्थिक हैसियत बढीमा धनी किसानको जस्तै हुन्थ्यो । यिनीहरूको आर्थिक अवस्था त्यस्तो लोभलाग्दो खालको थिएन । आर्थिक रुपमा ठूलो लाभ केही नभए तापनि तालुकदारहरूको समाजमा धाक-धक्कु र मान-सम्मान भने बढी नै हुने गर्दथ्यो । समाजमा उनीहरूको प्रशासकीय धाक र हैकम थियो । कतिपय गाउँमा महिलाहरू पनि तालुकदार हुन्थे । गाउँमा तालुकदारका छोराछोरी र श्रीमतीले बेलावखत ठूलै रवाफ र धक्कु देखाउने गर्दथे तरपनि जिम्मावाल मुखियाका श्रीमतीहरूको जीवन अन्य किसान महिलाको भन्दा साह्रै बढी सुखी हुँदैनथ्यो । यिनीहरु घाँस काट्ने, पानी बोक्ने, मेलापात जाने, दाउरा बोक्ने, कुटानी-पिसानी गर्ने जस्ता सबै काम गर्दथे । किसान र धेरैजसो रैतीका घर खरले छाएका हुन्थे भने मुखियाहरूको घर ढुङ्गा र झिंगटीले छाएको हुन्थ्यो । जिम्मावाल, मुखियाको सम्पत्ति भनेको केहीको त्यही बढीमा सय डेढसय मुरी धान फल्ने खेत र त्यति नै बराबर कोदो मकै फल्ने बारी रहेको हुन्थ्यो ।

अन्य रैती र किसानहरूको भन्दा राज्यका तर्फबाट केही बढी न्यायिक, प्रशासनिक तथा वित्तीय अधिकारहरू प्राप्त गरेकोले उनीहरू आम नागरिकभन्दा भिन्नजस्ता मात्र देखिन्थे । तर तराई क्षेत्रका जिमीदारहरूको आर्थिक हैसियत र अवस्था पहाडीया मुखियाहरूको भन्दा राम्रो रहेको पाइन्छ । एक सयदेखि दुई हजार बिघासम्म जग्गा यिनीहरूको हुने गर्दथ्यो । ठूलो स्तरको उत्पादन प्रणाली कायम रहेकोले नोकर-चाकरहरु पनि धेरै राखेर ऐस आरामका साथ बस्ने गर्दथे (पौडेल, २०७४) । तालुकदारहरुलाई राज्यले प्रदान गरेका न्यायिक तथा प्रशासनिक जिम्मेवारी र सुविधाका कारण समाजमा यिनिहरुको मान सम्मान उच्च रहेको र वेलावखत धाक, रवाफ देखाउनमा पनि तालुकदारहरु उद्धत रहने गरेको पाइन्छ ।

तालुकदारहरूलाई राज्यले नजिकका विश्वासपात्रका रुपमा लिने गर्दथ्यो । रैतीहरूले गरेका उजुरीहरू जिम्मावाल तथा मुखियाहरूलाई साक्षी नराखेसम्म सरकारले जिम्मा लिन सक्दैनथ्यो । आफ्नो मौजाभित्रका कुनै व्यक्तिलाई सरकारले पक्रेर लैजानुपरेमा जिम्मावाल तथा मुखियालाई साक्षी राखी उनीहरूको रोहवरमा बुझेर लैजानुपर्दथ्यो । गाउँमा सरकारी कर्मचारी वा मानिसहरु आएमा त्यहाँ रहुञ्जेलसम्म तालुकदारहरूले नै खानपान र बसोबासको जिम्मा लिनुपर्दथ्यो । तत्कालीन नेपाली समाजमा शिक्षाको अभाव तथा निरक्षरताको मात्रा बढी भएकोले गाउँघरमा आउने चिठीपत्र, उर्दी निर्देशनहरु जिम्मावाल तथा मुखियाहरुले पढेर नसुनाएसम्म कसैले पनि विश्वास नगर्ने अवस्था थियो । कुनै-कुनै रैतीका चिठीपत्रहरू बेलावखत तालुकदारहरुले नै लेखिदिने पनि गर्दथे । गाउँघरमा गाईबस्तु मऱ्यो भने दमाइ तथा सार्कीहरुले सिनो उठाएर लैजानुपर्ने चलन त्यसताका प्रचलनमा थियो । उनीहरुले मरेको गाई-वस्तुको छाला तार्ने र सिनो गाड्ने गर्दथे । यसबापत तालुकदारहरुले निजहरुबाट 'छालेकर' उठाउने गर्दथे (योगेन्द्र सुबेदी, वर्ष ८४ सँग २०७५ सालमा गरिएको कुराकानी) । यी सबै तथ्यले तत्कालीन अवस्थामा तालुकदारहरुको जिम्मेवारी राज्यकै प्रशासनिक निकायका रुपमा रहेको तथ्य प्रष्ट हुन्छ ।

राष्ट्रियस्तरका ठूला-ठूला आयोजनाहरू निर्माणका लागि तालुकदारहरूले झारा बुझाउनु पर्दथ्यो । मानिसको इच्छा वा इच्छा विपरीत विना पारिश्रमिक काम गराउने परिपाटीलाई झारा भनिन्छ । नेपालको इतिहासमा प्राचीन कालदेखि नै सार्वजनिक कार्यका लागि विना पारिश्रमिक काममा लगाउने गरिन्थ्यो । झाराप्रथालाई तत्कालीन समयमा 'विष्टी' भन्ने गरिन्थ्यो । मध्यकालीन नेपालमा झारामा नजानेहरूलाई तीन दामसम्म दण्ड गर्ने व्यवस्था रहेको पाइन्छ । पहिला-पहिला सार्वजनिक कामका लागि मात्र झारा लिइन्थ्यो । राजा, युवराज, मन्त्रीका नजिकका मानिसहरूलाई बाहेक गरिब, किसान आदि रैतीले अनिवार्यरुपमा झारा तिर्नुपर्दथ्यो । झारा उठाउने प्रमुख काम तालुकदारहरूको हुने गर्दथ्यो ।

सन् १७९५ मा थाकखोलामा रहेको नारीकोट मन्दिर जाने बाटो बनाउने र खोलामा भकारी लगाउन थाकखोलाका सातसय थाकलाई झारामा पठाइएको थियो । वि.सं. २००९ मा पोखरास्थित फेवातालको बाँध बाँध्नका लागि पर्वत जिल्लाका

तालुकदारहरूले प्रत्येक घरबाट एक एकजना रैती झरालीका रुपमा लिएर गएका थिए भन्ने कुरा लामो समयसम्म जिम्मावाल-मुखिया भई कार्य गरेका कुश्मा नगरपालिका- १ पर्वतका तेजनाथ रिजाल बताउँछन् । झारामा जाने व्यक्तिहरूले आफ्नो कुटो, कोदालो, गैंची, बेल्चा, सातु, सामल बोकेर दुई तीन दिनको बाटो हिंडेर भए पनि जानुपर्दथ्यो । झाराप्रथाले सर्वसाधारण मानिसहरूको बढी शोषण गरेको पाइएको हुँदा यसलाई समयानुकूल सुधार गर्दै लगिएको भए तापनि नेपाली समाजमा यो प्रथा कुनै न कुनै रुपमा अद्यापि रहेको पाइन्छ । गाउँ घरमा अझै पनि सार्वजनिक कामका लागि झारा बोलाउने चलन हटिसकेको छैन ।

मुखियाहरुले आफ्नो तालुकी जग्गामा जाँदा आफ्नै गाउँमा गएको जस्तो अनुभूत् गर्ने गर्दथे । कुनै व्यक्तिले गाउँको कुनै जग्गा, जमिन, बनपाखा जबरजस्ती गरी आफ्नो बनाएको भएमा पनि तालुकदारले समाज भेला गराइ छिनोफानो लगाउने गर्दथे । विदेशबाट लाहुरेहरु छुट्टीमा घरमा आउँदा उसले ईच्छाअनुसार कोसेली वा उपहार लिएर मुखियाकहाँ जाने चलन थियो । यो अनिवार्य र बाध्यात्मक भने थिएन । जिम्मावाल मुखियाहरूले कोटघरमा बडादसैंको कालरात्रीमा हुने पूजामा नियमानुसारको सरकारी बोका पाठा लैजानुपर्ने हुन्थ्यो (देबेन्द्र सुबेदी, वर्ष ७५ सँग २०७५ सालमा गरिएको कुराकानी) ।

### करसम्बन्धी व्यवस्था

तालुकदारी प्रथामा भूमिबाट कर उठाउन सजिलो होस् भन्नका लागि जग्गालाई खेत, पाखो, धुरी, घडेरी आदिजस्ता विभिन्न श्रेणीमा विभाजन गरी सोहीअनुसार करका दरहरू निर्धारण गरिएको हुन्थ्यो । भू-बनोटको आधारमा पनि करका दरहरू निर्धारण गर्ने गरेको पाइन्छ । पहाडी क्षेत्र, काठमाडौं उपत्यका र भित्री मधेशमा भूमिलाई खेत र पाखो गरी दुई भागमा बाँडिएको थियो । पानी लाग्ने जग्गालाई खेत र पानी नलाग्ने अग्लो ठाउँको जग्गालाई पाखो भनिन्थ्यो । पूर्वी नेपालमा पानी लाग्ने जग्गालाई धनहर र पानी नलाग्ने जग्गालाई विथ भनिन्थ्यो । पश्चिम तराईमा पहिलो श्रेणीको जग्गालाई अब्बल र दोस्रो श्रेणीको जग्गालाई धुसी भन्ने गरिन्थ्यो । पहिलो श्रेणीको जग्गामा बढी र दोस्रो श्रेणीको जग्गामा कम दरको कुत निर्धारण गर्ने प्रचलन थियो । बेलावखत खाद्यान्नबालीको भाउअनुसार पनि कुत निर्धारण गर्ने प्रचलन रहेको पाइन्छ (उपाध्याय, २०५६) । वर्तमानमा पनि राज्यले भूमिकर निर्धारणका लागि जग्गालाई विभिन्न श्रेणीमा विभाजन गरी सोहीअनुसार करका दरहरु निर्धारण गर्ने गरेको पाइन्छ ।

राजा प्रतापसिंह शाहका पालादेखि जग्गाका स्वरुपका आधारमा भूमिलाई अब्बल, दोयम, सिम र चाहार गरी चार भागमा वर्गीकरण गरी सोहीअनुसार कर निर्धारण गर्ने गरेको पाइन्छ । जग्गाको नापका आधारमा पनि कुत निर्धारण गर्ने चलन तत्कालीन समयमा रहेको थियो । तराईमा धुर, कट्ठा, विगाहा र पहाडमा रोपनी तथा मुरी भनी जग्गाको नाप निर्धारण गरिएको थियो । यसरी नाप गर्न नसकिने जग्गामा हले र बिजनपद्धति लागू गरिएको थियो। पाखो जग्गालाई हले, पाटे, कोदाले र कुटे गरी चार भागमा बाँडिएको थियो । एकहल गोरुले एक दिनमा जोत्ने जग्गा हले, आधा दिनमा जोत्न सकिने पाटे, एकजना मानिसले एक दिनमा कोदालाले खन्न सक्ने कोदाले र कुटोले खन्न सकिने जग्गालाई कुटे नामकरण गरिएको थियो (उपाध्याय, २०५६) । बिजनपद्धतिअन्तर्गत बाली उमार्न जग्गामा प्रयोग गरिने बीज वा बीउका आधारमा कुत निर्धारण गर्ने गरिन्थ्यो ।

सन् १८०१ मा एकमुरी बीउ लाग्ने खेतमा एक रुपैया कुत तोकिएको थियो । सन् १९३३ देखि १९४८ सम्म विभिन्न जिल्लाहरूमा बिजनपद्धति लागू गरिएको थियो । बिजनलाई पनि हलेबीज र कोदालेबीजमा विभाजन गरिएको थियो । एकहल गोरुले दिनभरिमा जोत्ने जग्गामा बीज लाग्नेलाई हलेबीज र एकजनाले दिनभरिमा कोदालोले खन्ने जग्गामा बीज लाग्नेलाई कोदालेबीज भनिन्थ्यो । यस पद्धतिअनुसार कोदालेबीजको तुलनामा हलेबीजको कुत धेरैजसो स्थानमा दोब्बर रहेको हुन्थ्यो । यस पद्धतिअन्तर्गत विभिन्न जिल्लामा एक पाथी बराबर बीज लाग्ने जग्गाको कुत देहायअनुसार निर्धारण गरिएको विवरण महेशचन्द्र रेग्मीलाई उद्धृत गर्दै श्रीरामप्रसाद उपाध्यायले प्रस्तुत गरेका छन् :-

**तालिका नं. १**

*तालुकदारी प्रथामा विभिन्न स्थानमा रहेको कुतसम्बन्धी व्यवस्था (सन् १९३३ देखि १९४८ सम्म)*

| जिल्ला | हले बीजको कुत (रु.) | कोदाले बीजको कुत (रु.) |
|---|---|---|
| कास्की | ०.६० | ०.३० |
| गोरखा | ०.७२ | ०.३६ |
| जाजरकोट | ०.४० | ०.२० |
| ६ थुम | ०.८० | ०.४० |
| माझकिरात | १.१२ | ०.९८ |
| ओखलढुङ्गा | १.०४ | ०.४८ |

स्रोतः उपाध्याय (२०५६) ।

मकवानपुर जिल्लामा जुनसुकै जग्गाको प्रकार भए तापनि प्रति बिघा रु. १.२५ बराबर कुत निर्धारण गर्ने गरेको पाइन्छ । काठमाडौं उपत्यकामा सेर्माकर र ठेकतिरोकरको व्यवस्था थियो । सेर्माकर लाग्ने पाखोतर्फको जग्गाको नापजाँच तथा वर्गीकरण गरिएको हुँदैनथ्यो । जनावरहरु चरन गर्ने क्षेत्रमा चरनकर लगाइएको थियो । चरनकर स्थानीय र विदेशीलाई अलग-अलग हुने गर्दथ्यो । स्थानीयले पचहत्तर पैसा र विदेशीले एक रुपिया पच्चीस पैसा बराबर कर तिर्नुपर्दथ्यो ।

जयस्थिति मल्लले शहरका घर जग्गाको वर्गीकरण गरी त्यसका आधारमा कर निर्धारण गरिएको पाइन्छ । मल्लकालीन नेपालमा राज्यकर मध्ये भूमि, पशुपालन र घरधुरीमा लगाइएका करहरु मुख्य थिए । नेपालको एकीकरणपछि घडेरी करलाई धुरीकर र सेर्माकर गरी दुई भागमा वर्गीकरण गरिएको थियो । घरधुरीकर साउन र फागुनमा गरी वर्षको दुईपटक तिर्नुपर्ने भएकोले यसलाई साउनेफागु पनि भन्ने गरिएको पाइन्छ । सन् १८३७ मा दुईपटक कर तिर्नुपर्ने व्यवस्था अन्त्य गरिएको थियो । घर रहेको वरपरको जग्गामा लाग्ने नगदी करलाई सेर्मा भनिन्थ्यो । यसलाई पनि हले, पाटे, कोदाले गरी तीन भागमा विभाजन गरिएको पाइन्छ । हलेजग्गामा एक रुपिया, पाटेमा बाह्रआना र कोदालेमा आठआना बराबर कर निर्धारण गरिएको थियो ।

समाजमा रहेका केही व्यक्तिहरुले घरधुरीकर तिर्नु पर्दैनथ्यो । हुलाकको डाँक ओसार्ने हुलाकी र हात हतियार कारखानामा कामगर्ने कामीलाई साउनेफागु कर मिनाहा गरिएको थियो । त्यस्तै ठकुरी र राजपुतहरूले सेर्माकर तिर्नु पर्दैनथ्यो । यस समयमा कर उठाउनका लागि घरघडेरी बाहेकको जग्गालाई चार भागमा विभाजन गरिएको थियो । करखस वा रोपनीको आधार पनि यस विभाजनको विशेषता थियो । प्रथम प्रकारको जमिन ९५ हात घेरा भएको, दोस्रो १०८ हात, तेस्रो ११२ हात र चौथो १२५ हात घेरा भएको हुन्थ्यो । एक हातको लम्बाई हातको बुढी औंलाको पहिलो जोर्नीको २४ गुना निर्धारित गरिएको थियो (भण्डारी, २०५५) । यी कर उठाउनका लागि राणाशासन कालपूर्व स्थानीय स्तरमा कुनै किसिमको औपचारिक निकाय थिएन । केन्द्रबाट खटाइएका इजारादार वा अमाली, द्वारे आदिले यी करहरू

असुल गर्दथे । राणाशासन कालपूर्व नयाँ आवाद गरिएका जग्गाको नापजाँच गर्न र पुराना जग्गा के कस्ता अवस्थामा छन भनेर जाँच गर्न केन्द्रबाट महाजाँच पठाउने चलन थियो ।

राणाशासन कालमा दश-दश वर्षमा जग्गा नाप-जाँच गर्न थालिएकाले त्यसलाई दसवर्षे घरदर भन्ने गरेको पाइन्छ । वि.सं. १८५२ भन्दापूर्व जग्गा नाप गर्न काठको टाँगा प्रयोग गरिन्थ्यो । त्यसपछि ५ हात ३ इन्चको फलामे जंजीरबाट जग्गा नाप्न थालिएको पाइन्छ । जग्गा-जमिनको नापी गर्ने यस तरिकालाई सर्पट महाजाँच भनिन्थ्यो । पाखोबारीतर्फ भने जंजीरद्वारा जग्गा नापी गर्ने चलन थिएन । जग्गा हेरेर मात्र जग्गाको किसिम छुट्टयाउने र तिरो तोक्ने चलन थियो । यसरी जग्गा हेरेर मात्र तिरो तोक्ने प्रणालीलाई देखाजाँच भनिन्थ्यो (बानियाँ क्षेत्री, २०६३) । राणशासन कालमा वीर शमशेरले वि.स. १९५२ मा पहाडमा २३ र तराईमा १२ गरी मुलुकलाई ३५ वटा जिल्ला गौंडा वा तहशीलमा विभाजन गरेका थिए । जिल्ला सदरमुकामलाई पहाडमा गौंडा, तराईमा गोश्वारा, भित्री मधेशमा गढी भनिन्थ्यो । जिल्ला मालअड्डाले कर सङ्कलन गर्ने गर्दथ्यो । वीर शमशेरको पालामा यस अड्डालाई 'वक्यौता तहशीलअड्डा' भनिन्थ्यो । गाउँमा अमाली प्रथा कायम रहेको र अमालीहरु केन्द्रबाट सोझै नियुक्त हुने व्यवस्था रहेको हुँदा वक्यौता तहशीलअड्डा र अमालीबीच समन्वय हुन नसक्दा राजश्व असुलीमा समस्या पैदा हुने गरेकोले वि.स. १९५९ मा चन्द्र शमशेरले यसलाई मालअड्डामा परिणत गरी तालुकदारी प्रथा लागू गरेको तथ्य पाइन्छ ।

**करसंरचनाको तुलनात्मक स्थिति**

मुलुकको राजनैतिक संरचनामा आएको फेरबदलसँगसँगै करका स्वरुप, कर संरचना र कर सङ्कलन गर्ने संस्था तथा प्रणालीमा समेत परिवर्तन हुँदै आएको पाइन्छ । तत्कालीन अवस्थामा राज्यबाट जारी गरिएका कानून तथा मुलुकी ऐनमा समेत तालुकदाारी प्रथाका बारेमा उल्लेख गरिनुले राज्यको तत्तकालीन प्रशासनिक संरचनाको एउटा महत्त्वपूर्ण अङ्गका रुपमा तालुकदारी प्रथा रहेको प्रष्ट हुन्छ । तालुकदार, मुखिया, जिम्मावाल जस्ता पदहरु तत्कालीन अवस्थामा निजामतीतर्फका पद थिए (शर्मा, २०५१) । तालुकदारी प्रथामा खास गरेर ठेक्काथितिकर, सेर्माकर, घरधुरीकर, छालेकर, ठेकतिरोकर, साउनेफागु, घरदरकर, चरनकर, खानीकर, घिउखानेकर, चारदामकर, आसमानीकर (अपराधीलाई लगाइने कर), चरसा (जनावरको हाड छालामा लगाइने कर), विगहट्टा (सार्वजनिक कार्य सञ्चालन गर्न लगाइने कर), सेवाकर, चुमावान, दर्शनभेट, टीकाभेट, गोडधुवाकर, फत्तेमुवारक, गद्दीमुवारक, विष्टिकर (बेठी, बेगारी), झाराकर (एक किसिमको अस्थायी कर), चैलकर (कपडामा लगाउने कर), सिंकरकर (काठ दाउरामा लाग्ने कर), कपासकर, जगतकर (वस्तुकर), किराना शुल्क, भैंसीकर (भैंसीको ढुवानीमा लाग्ने कर) जस्ता करहरु प्रचलनमा रहेको पाइन्छ ।

नेपालको वर्तमान राजनैतिक व्यवस्थाअनुसार भूमि करका सम्बन्धमा संबैधानिकरुपमा नै स्पष्ट व्यवस्था गरिएको पाइन्छ । विगतमा एकात्मक र केन्द्रिकृत राज्यव्यवस्था रहेकोले आर्थिक स्रोत तथा साधनहरु केन्द्रमा केन्द्रित थिए । वि.सं. २०७२ आश्विन ३ गते सङ्घीय संविधान जारी भएपछि सङ्घ, प्रदेश र स्थानीय तहको हकमा आर्थिक स्रोतहरुको व्यवस्था संविधानमा नै उल्लेख गरिएको पाइन्छ । स्थानीय तहहरुलाई आर्थिक तथा शासकीयरुपले अधिकारसम्पन्न बनाइएको छ । आफ्नो क्षेत्रमा रहेका आर्थिक स्रोत तथा साधन परिचालन तथा उपयोगका लागि आफैं योजना निर्माण गर्ने, प्राथमिकता तोक्ने, वित्तीय व्यवस्थापन गर्ने, कार्यान्वयन गर्ने तथा पुनः योजना तर्जुमा गर्ने सम्पूर्ण अधिकार स्थानीय तहमा आइपुगेको छ ।

संविधानमा उल्लेख भएअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा राजश्वका स्रोतको बाँडफाँडको विषय पनि संविधानको एक प्रमुख विशेषता हो । यी सङ्घीय एकाइहरुले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतबाट राजश्व उठाउन सक्ने व्यवस्था गरिएको छ, यो वर्तमान संविधानको प्रमुख आर्थिक नीति हो । कुनै प्रदेशको क्षेत्रभित्र मात्र सिमित जंगल, जमिन, खोलानाला र जडिबुटीको प्रयोगमा सोही प्रदेशकै हक हुने व्यवस्था गरिएको छ । प्रदेशकै क्षेत्रभित्र रहेको खनिज पदार्थलाई भने सङ्घ र प्रदेशको साझा सूचीका रुपमा राखिएको छ । अन्तर प्रदेशमा फैलिएका जल र जंगलको उपयोग, त्यसभित्रका चराचुरुङ्गी र जनावरलाई पनि सङ्घ र सम्बन्धित प्रदेशको साझा सूचीमा राखिएको छ ।

आर्थिक स्रोतका सम्बन्धमा केन्द्रिय बैङ्क तथा वित्तीय संस्था, केन्द्रिय योजना, वित्तीय नीति, मुद्रा, बैकिङ्ग नीति, मौद्रिक नीति, विदेशी सहयोग र ऋण दिने अधिकार, भन्सार महशुल, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, राहदानी र प्रवेशाज्ञा शुल्क तथा हुलाक दस्तुरमा सङ्घ वा केन्द्रको एकलौटी अधिकार हुने व्यवस्था रहेको छ । प्रदेश तहले पारिश्रमिक कर, घरजग्गा कर, रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशूल्क दस्तुर, दण्ड, जरिवाना आदिबाट राजश्व व्यवस्थापन गर्नसक्ने प्रावधान राखिएको छ । सहकारी संस्थाको सञ्चालन अनुमति, प्रदेश स्तरका विद्युत सिंचाइ आयोजना तथा अनय आयोजना सञ्चालन गर्ने अधिकार, प्रदेश भित्रको व्यापार, हवाइ सेवा, रेलवे र प्रदेशभित्रको लोकमार्ग सञ्चालन गर्ने अधिकार प्रदेशलाई दिइएको छ (नेपालको संविधान, २०७२) ।

अर्कोतर्फ स्थानीय तहलाई मालपोत कर, सम्पत्ति कर, घरवहाल कर, घरजग्गा कर तथा रजिष्ट्रेशन शुल्क, व्यवसाय कर, बहाल विटौरी शुल्क, कवाडी कर, जीवजन्तु कर, पार्किङ कर आदिमा एकलौटी अधिकार दिइएको छ । विज्ञापन करमा प्रदेश र स्थानीय तहको भागलाग्ने व्यवस्था गरिएको छ । स्थानीय तहहरुमा राजश्वको उचित परिचालनका लागि प्रदेश र स्थानीय तहमा सञ्चित कोष स्थापना गरिने र प्रदेश, नगरपालिका र गाउँपालिकाले प्राप्त गर्ने सबै रकम र सम्पत्ति सोही कोषमा जम्मा गरिने संवैधानिक व्यवस्था गरिएको छ । यस प्रकार वर्तमान संविधानमा व्यवस्था गरिएअनुसार नेपालमा वि. सं. २०४० को दशकसम्म रहेको तालुकदारी प्रथामा रहेजस्तो राज्यलाई बुझाउने कर सङ्कलनको जिम्मा सङ्घ, प्रदेश र स्थानीय सरकारहरुलाई प्रदान गरिएकाले तालुकदारी प्रथाको कुनै पनि अवशेषहरु वर्तमानमा देख्न पाइदैन ।

तत्कालीन अवस्थामा तालुकदारहरुले आ-आफ्नो मौजाभित्रको कर सङ्कलन गरी मालअड्डामा बुझाएजस्तै अहिले पनि स्थानीय तहहरुले सङ्कलन गरेको भूमि कर बाहेकको केही भाग रकम प्रदेश र केन्द्रीय सरकारमा पठाउनुपर्ने व्यवस्था रहेको छ । ढुङ्गा, गिटी तथा बालुवामा लगाइने करको मुल्य अभिवृद्धि कर र अग्रिम आय कर सङ्घीय सरकारमा पठाउने, बाँकी मध्येको ४० प्रतिशत प्रदेश सरकारमा पठाउने र ६० प्रतिशत आफैले उपभोग गर्न पाउने व्यवस्था रहेको छ । स्थानीय तहलाई मालपोत उठाउने अधिकार भए तापनि मालपोत कार्यालय स्थानीय तहको मातहतमा आइनसकेकोले मालपोत कार्यालयले नै उक्त कर

सङ्कलन गरी ४० प्रतिशत सङ्घीय सरकारमा पठाउने र ६० प्रतिशत स्थानीय तहमा पठाउने प्रावधान रहेको छ (खनाल, २०७८) । तालुकदारी प्रथा र वर्तमान राजनैतिक संरचनामा भूमिकरसम्बन्धी व्यवस्थालाई अध्ययन गर्दा विगतमा तालुकदारहरुले उठाउँदै आएको भूमिकर लगायतका विभिन्न कर स्थानीय तहहरुले उठाउने गरेको पाइन्छ । तालुकदारी प्रथामा कायम रहेका केही करहरु उस्तै प्रकृतिका रहेको भए तापनि धेरै जसो वस्तुहरु माथि लगाउने करलाई वर्तमानमा मुल्य अभिवृद्धि करमा समावेश गरिएको पाइन्छ, जुन सङ्घीय सरकारले मात्र उठाउन पाउने व्यवस्था रहेको छ । तालुकदारहरुले सङ्कलन गर्नेजस्तो भूमिकर सङ्कलन गर्ने एकलौटी अधिकार स्थानीय तहहरुलाई दिइएको छ ।

### सकारात्मक पक्ष

समाजमा विद्यमान विभिन्न प्रचलन तथा प्रथाहरुको ऐतिहासिक महत्त्व हुँदाहुँदै पनि यसका केही सकारात्मक तथा नकारात्मक पक्षहरु हुने गर्दछन् । तत्कालीन नेपाली समाजमा एक महत्त्वपूर्ण प्रथाका रुपमा रहेको तालुकदारी प्रथामा पनि यी दुबै किसिमका अवस्थाहरु विद्यमान रहेको पाइन्छ । राज्यको वैधानिक अङ्गका रुपमा रहेको यस प्रथाले तत्कालीन समाजमा सामाजिक थिति कायम गर्नमा ठूलो भूमिका निर्वाह गरेको थियो । गाउँघरमा हुने सामान्य खालका झैझगडा मिलाउनेदेखि लिएर सामाजिक सम्पत्तिको सुरक्षा गर्ने जस्ता कार्यमा तालुकदारहरुले महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ । तालुकदारहरुले गाउँको प्रमुखका रुपमा ग्रामीण जनता र सरकारको बीचमा रहेर कडीको रुपमा काम गर्नुपर्दथ्यो । पहाडका तालुकदारले त्यहाँको शान्ति सुरक्षाको स्थितिका बारेमा केन्द्रमा रहेको सरकारलाई जानकारी गराउनुपर्दथ्यो । यिनीहरूले गाउँका अपराधीहरुमाथि पनि निगरानी राख्नुपर्दथ्यो ।

वर्तमानमा जस्तो शिक्षा, राज्यका संरचना, यातायात तथा सञ्चारको विकास भइनसकेको तत्कालीन अवस्थामा नाम मात्रको सेवा सविधा लिएर तालुकदारहरुले आफ्नो मौजाभित्रका रैतीबाट कर सङ्कलन गरी राज्यकोषमा दाखिला गर्ने विषय चानचुने थिएन । रैतीहरुले कर नतिरेमा उनीहरुलाई दण्डित गर्ने, गाउँलेहरुका चिठीपत्रहरु लेखिदिने तथा वाचन गरेर सुनाउने, कोतघरहरमा हुने पूजाको व्यवस्थापन मिलाउने, सार्वजनिक कार्यका लागि रैतीहरुलाई झारामा सहभागी गराउने जस्ता कार्य तालुकदारहरुले गर्नेगर्दथे । तालुकदारी प्रथामा रहेको झाराप्रथा, घोकहाल्नेजस्ता प्रथा नेपाली समाजमा अद्यापि कतैकतै कायम रहेको पाइनुले यस प्रथामा सामाजिक कार्यका लागि कसरी जनश्रमदान जुट्दोरहेछ भन्ने पनि प्रष्ट हुन्छ । राज्यद्वारा जारी गरिएका नियम, कानून तथा ऐनसवालहरुलाई पालना गर्न इन्कार गर्ने, कर छली गर्ने र राजनैतिक संरक्षणमा राज्यको दोहन गर्ने प्रवृत्ति बढ्दै गएको अवस्थामा तालुकदारहरुले राज्यबाट प्राप्त जिम्मेवारी कुशलतापूर्वक पूरा गरेको र समाजलाई अराजकतातर्फ उन्मुख हुन नदिई शान्ति सुव्यवस्था कायम गराउनमा ठूलो योगदान पुऱ्याएको तथ्य स्पष्ट हुन्छ ।

सार्वजनिक काममा निःशुल्क श्रमदान गर्ने कुरालाई स्वीकार्न नसक्ने बानी परिसकेको वर्तमान पुस्ताका लागि आफ्नो मौजाभित्रका रैतीलाई सामाजिक काममा सहभागी गराउने कार्य सहजतापूर्वक गर्नसक्नु तालुकदारी प्रथाको अनुकरणीय पक्ष मान्न सकिन्छ । यसै अवधारणालाई पछ्याउँदै वर्तमानमा स्थानीय निकायहरुले सार्वजनिक नीजि साझेदारी कार्यक्रमका नामबाट सार्वजनिक निर्माणका कार्यमा जनसहभागिता जुटाइ कार्य सम्पादन गर्ने गरेको पाइन्छ । आफ्नो मौजाभित्र राज्यका कानून र उर्दी कडाइका साथ लागू गर्नसक्नु पनि तालुकदारी प्रथाको राम्रो पक्ष थियो । तत्कालीन समाजमा तालुकदारहरुको जुन किसिमको सामाजिक, प्रशासनिक तथा न्यायिक हैसियत रहेको थियो त्यसले नै यस प्रथाका धेरै मात्रामा सकारात्मक पक्षहरु रहेको प्रष्ट हुन्छ ।

### कमजोरी पक्ष

तालुकदारी प्रथाका सकारात्मक पक्ष मात्र थिएनन् । यसका केही कमजोरीहरु पनि रहेको पाइन्छ । नेपालको भौगोलिक अवस्था, राज्य संयन्त्रको तत्कालीन स्वरुप आदिका कारण यस प्रथाका केही नकारात्मक तथा कमजोरी पक्षहरु रहेको भए तापनि यो प्रथाले तत्कालीन नेपाली समाजमा बलियोसँग जरा गाडेको थियो । तत्कालीन समयमा तालुकदारको जिम्मेवारी पाएका व्यक्तिहरूको सामाजिक रवाफ र स्तरको चर्चा-परिचर्चा अहिलेसम्म पनि हुने गरेको पाइन्छ । राज्यले प्रदान गरेका अधिकारहरुलाई वेलावखत दुरुपयोग गर्ने गरेका तथ्यहरु यस प्रथामा पाइन्छन् । राणाशासकहरुले तालुकदारहरुलाई उनीहरूले सङ्कलन गरेको करको वा राजश्वको ५-१० प्रतिशत हिस्सा आफै उपभोग गर्न पाउने व्यवस्था मिलाएका थिए । यसबाहेक यिनीहरुको अन्य पारिश्रमिक हुँदैनथ्यो । यिनीहरुलाई बेठबेगार लगाउनका लागि राणाहरुले अनुमति दिएका थिए । कमैया, हली, हरवा जस्ता प्रथाहरु त्यसताका वैध रुपमा नै प्रचलनमा रहेको देखिन्छ (पौडेल, २०७४) । तालुकदारहरुलाई राज्यले एक दिनमात्र बेठबेगारी लगाउन पाउने व्यवस्था गरेको भए तापनि केही तालुकदारहरुले वर्षभरि नै बेठ लगाउने गरेका तथ्य पाइन्छन् । यदि कोही रैती बेठबेगारीमा सामेल नभएमा तिरो बुझाउने र जग्गा नामसारी गर्ने समयमा तालुकदारहरुले केही बढी रकम लिने गरेका तथ्यहरु पनि पाइन्छन् । वि. सं. २०१७ मा नेपाल सरकारले राज्य रजौटा उन्मूलन ऐन लागू गरेपछि कानूनी रुपमा यस किसिमको बेठ-बेगारी प्रथाको अन्त्य भएको थियो (पर्वत पाङका तत्कालिक तालुकदार तेजनाथ रिजालसँग गरिएको कुराकानी) । बेला-बखत यिनीहरुले आफ्ना इलाकाभित्रका रैतीहरुलाई अनावश्यक झन्झट र दुःखदिने, राम्रो खेतीयोग्य जमिन र सरकारी सम्पत्ति जबरजस्ती आफ्नो नाममा दर्ता गराउने, नागरिकलाई विनाकसुर दण्ड दिने जस्ता कार्यहरु पनि गर्ने गरेको पाइन्छ ।

कुनै कुनै तालुकदारहरुले समाजमा छलकपट गर्ने, सामन्तवादी प्रवृत्ति देखाउने, हैकम लाद्न खोज्नेजस्ता कार्यहरु पनि गर्दथे । वेदाममा रैतीलाई बेठबेगारीमा लगाउने, झारा तिर्न लगाउने, कडा किसिमका उर्दी दिने, आफ्नो निजी तथा घरायशी काम पनि गर्न लगाउने गरेका घटनाहरु घट्ने गरेका तथ्य पनि भेटिन्छन् । तालुकदारहरुले कहिलेकाँही आफ्नो मौजाभित्रका झैझगडा तथा मुद्धामामिला मिलाउने क्रममा झगडीयालाई फकाएर, थर्काएर, कोर्रा लगाएर नभए पैसा लिएर समेत मुद्धा मामिला मिलाउने काम गर्दथे । यिनीहरुले मुद्धा किनारा लगाउँदा सभाशुद्धोका रुपमा केही रकम लिने पनि गर्दथे । मुद्धा-मामिला मिलाइ सकेपछि ‘अमलाका बुटामुनी केही पाइन्छ की पाइँदैन’ भनी सांकेतिक भाषाको प्रयोग गरी भलादमीहरुले पैसा लिने गर्दथे भन्ने भनाइहरु पनि पाइन्छन् (कपिलमणि रेग्मीसँग, २०७५ फागुनमा गरिएको कुराकानी) । तत्कालीन अवस्थामा राज्यले तालुकदारका अधिकार, कर्तव्य तथा सुविधाका बारेमा स्पष्ट व्यवस्था गरेको भए तापनि रैतीहरुबाट नाजायज तरिकाले रकम असुलउपर गर्न खोज्ने प्रवृत्ति यस प्रथामा रहेको कमजोरी पक्ष

मान्न सकिन्छ । यो प्रथामा जातीय भेदभाव र छुवाछुत प्रथा पनि कायमै थियो ।

तालुकदारहरुको घरमा बडादसैंका दिन टीका, जमरा थाप्न रैतीहरु जाने चलन थियो । आफ्नो मौजाभित्रको कुनै रैती टीका लगाउन नगएमा मुखियाहरुले आफ्नो अपमान गरेको सम्झी दसैंमा टीका लगाउन आइनस् अब माल अड्डामा नै गएर तिरो तिर्नु भनी रैतीहरुलाई धम्क्याउने पनि गर्दथे । रैतीहरूले मुखिया तथा जिम्मावालहरुलाई ठूलो आदर, सम्मान पनि गर्ने गर्दथे । रैतीहरुले घरमा नयाँ फलफूल पाक्यो, तरकारी तयार भयो, गाइभैंसी ब्यायो भने दुध दही आफ्नो इच्छाअनुसार जिम्मावाल मुखियाका घरमा लगीदिने चलन थियो । यस किसिमका कार्यहरुले तालुकदारहरुमा आफू शासक भएको र रैतीहरुले आफ्नो सेवा गर्नुपर्दछ भन्ने भावनाको विकास पनि गराएको हुनसक्ने पाइन्छ ।

वर्तमानमा जस्तो सामाजिक आधारशीलाहरुको विकास र विस्तार भइनसकेको, अविकसित सामाजिक शैक्षिकस्तर जस्ता परिदृश्यमा राज्यका तर्फबाट व्यवस्था गरिएको यस किसिमका प्रथाहरुमा केही कमी कमजोरी रहनु स्वभाविक पनि हो । तत्कालीन समाजको चेतनास्तरले यस किसिमका संरचनाको निर्माण गरी राज्यको आर्थिक, प्रशासनिक, न्यायिक तथा सामाजिक सुव्यवस्था कायम गराउन सक्नु पक्कै चानचुने कुरा थिएन । सामाजिक परिवर्तनको वहावसँगसँगै तालुकदारी प्रथा पनि विघटन हुन पुगेको हो । यसका कमजोरीका कारण मात्र यो प्रथा नेपाली समाजबाट लोप भएको होइन ।

## निष्कर्ष

माथि प्रस्तुत गरिएको विश्लेषणबाट नेपालको आर्थिक तथा प्रशासनिक इतिहासमा विगत लामो समयदेखि आधुनिक कालसम्म सरकारी प्रशासनको महत्त्वपूर्ण पदका रुपमा तालुकदारी प्रथा रहेको स्पष्ट हुन्छ । मुलुकी ऐन जस्ता सरकारी कानूनमा यस प्रथाको व्यवस्थाका बारेमा उल्लेख गरिनुले यो प्रथा वैधानिक र सामाजिक मान्यताप्राप्त प्रथा थियो भन्ने प्रष्ट हुन्छ । राज्यले रैतीहरुलाई उपभोगका लागि प्रदान गरेको जग्गाबाट तिरो उठाई सरकारी खजानाका रुपमा जम्मा गर्ने कार्यमा तालुकदारहरुको भूमिका तत्कालीन समयमा महत्त्वपूर्ण थियो । जग्गालाई विभिन्न भाग र इकाई वा श्रेणीमा विभाजन गरी व्यवस्थित तरिकाले कर सङ्कलनको व्यवस्था गरिएको थियो । अहिलेको जस्तो सूचना, सञ्चार तथा यातायातका साधनको सुविधा नभएको तत्कालीन समयमा कर उठाउनका लागि राज्यद्वारा पहाडी तथा तराई क्षेत्रलाई विभिन्न मौजा, थुम आदिमा विभाजन गरी तालुकदारहरूलाई कर उठाउने जिम्मा दिने व्यवस्था समय सान्दर्भिक रहेको मान्न सकिन्छ ।

समाजमा न्यायिक, प्रशासनिक र वित्तीय कार्य सम्पादन गर्नुका अतिरिक्त सार्वजनिक सम्पत्तिको सुरक्षा एवम् सार्वजनिक कार्यमा जनश्रमदान जुटाउने र सामाजिक थिति बसाल्ने कार्यमा तालुकदारहरूको भूमिका उल्लेखनीय थियो । नेपाली समाजको तत्कालीन चेतनास्तर, प्रशासनिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवेशमा तालुकदारहरुले सामाजिक थिति बसाल्नका लागि उल्लेखनीय कार्य गरेको पाइए तापनि बेलावखत तालुकदारहरुले आफ्ना रैतीलाई अनावश्यकरुपमा दुखः दिने गरेको पनि पाइन्छ । यस प्रथामा विभिन्न समयमा देखा परेका समस्याहरुलाई हटाउनका लागि तत्कालीन शासकहरुले समयानुकुल सुधार गरी यसलाई अझै व्यवस्थित बनाउन खोजेको तथ्यहरु भेटीन्छन् । भूमिसुधार ऐन २०२१ पूर्णरुपमा लागू भएपछि वि. सं. ३०३७ पश्चात् तालुकदारी प्रथाको अस्तित्व पनि समाप्त भएर गएको छ । तालुकदारी प्रथामा प्रचलित भूमिकर उठाउने र समाजको थिति व्यवस्था मिलाउने कार्य वर्तमानमा संविधानमा व्यवस्था भएअनुसारका सङ्घीय एकाइहरुले गर्दै आएका छन् ।

तालुकदारी प्रथामा रहेको जस्तो विधि व्यवस्था वर्तमान समाजबाट लोप भएर गइसकेको छ । राज्य व्यवस्था र प्रशासनिक संरचनामा भएको परिवर्तन सँगसँगै सरकारले लगाउने कर, कर संरचना र कर सङ्कलन गर्ने संस्थाहरुको स्वरुपमा पनि परिवर्तन हुँदै गइरहेको छ । तालुकदारी प्रथामा तालुकदारले उठाउने कर मालअड्डामा दाखिला गर्ने र नियमानुसार पारश्रिमिक पाउने व्यवस्थाको सिको गर्दै अहिले पनि स्थानीय तहहरुले उठाउने गरेको कर प्रदेश सरकार र सङ्घीय सरकारमा भागवण्डा लगाउने व्यवस्था रहेको पाइन्छ । यस दृष्टिकोणबाट नियाल्दा पनि तत्कालीन समयमा सामाजिक थिति कायम गर्न र राज्य सञ्चालनका लागि अपनाइएको यो प्रथा बैज्ञानिक रहेको मान्न सकिन्छ ।

**Declarations**

**Ethics Approval and Consent to Participate**

I declare that this research/review was conducted ethically.

## सन्दर्भसामग्री सूची


अधिकारी, सूर्यमणि (२०६०), *बाइसे राज्यको इतिहास,* भूँडीपुराण प्रकाशन ।

उपाध्याय, श्रीरामप्रसाद (२०५६), *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* रत्नपुस्तक भण्डार ।

खनाल, गोपीकृष्ण (२०७८), *नेपालमा वित्तीय संघीयता अवधारणा र अभ्यास,* नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

चालिसे, पुस्पराज (२०५८), *नेपालको इतिहास र सभ्यता,* रत्न पुस्तक भण्डार ।

ज.ब.रा., पुरुषोत्तम (२०४७), *श्री ३ हरुको तथ्य वृतान्त,* परमवीर शमशेर ज.ब.रा. ।

नेराप्रप्र (२०५५), *नेपाली बृहद शब्दकोश,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाली, पूर्ण र कैलाशनाथ प्याकुरेल (२०६६), "भूमि र शक्ति सम्बन्ध", *भूमि राजनीति र द्वन्द्व,* अनुसन्धान दक्षताका लागि स्वीस राष्ट्रिय केन्द्र, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र एवम् मानव तथा प्राकृतिक संसाधन केन्द्र ।

*नेपालको संविधान २०७२,* नेपाल कानून किताब व्यवस्था समिति ।

पौडेल, विजयकुमार (२०७४), *मार्क्सवादी अर्थशास्त्र : पृष्ठभूमि, उद्भव र विकास,* जनता प्रसारण तथा प्रकाशन लि. ।

बानियाँ क्षेत्री, कर्णबहादुर (२०६३), *पाल्पा गौंडा : एक ऐतिहासिक अध्ययन,* फुलचोकी पब्लिकेसन एण्ड डिष्ट्रीव्युटर्स प्रा.लि. ।

भण्डारी, ढुण्डीराज (२०२५), *नेपालको ऐतिहासिक विवेचना,* कृष्णकुमारी ।

भट्टराइ, गोपालबहादुर (२०६८), *धनकुटा गौंडाको इतिहास,* रत्नसागर प्रकाशन ।

रेग्मी, हिरालाल र सरोजराज पन्त (२०७४), *पर्वत जिल्लाका ऐतिहासिक कोटहरु,* जिल्ला समन्वय समिति, पर्वत ।

संग्रौला, नारायणप्रसाद (२०५७), *नेपालको आधुनिक इतिहास,* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजाराम (२०६१), *नेपालको तथ्यगत इतिहास,* साझा प्रकाशन ।

शर्मा, देवीप्रसाद (२०५१), *आधुनिक नेपालको इतिहास,* रत्नपुस्तक भण्डार ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०५०), *मुलुकी ऐन,* पैरवी प्रकाशन ।

कपिलमणि रेग्मी, जलजला गाउँपालिका-५ पर्वतसँग वि. सं. २०७५ फागुनमा गरिएको कुराकानी ।

तेजनाथ रिजाल, कुश्मा नगरपालिका-१ पर्वतसँग वि. सं. २०७५ माघमा गरिएको कुराकानी ।

देवेन्द्र सुवेदी, भरतपर महानगरपालिका-८ सँग वि. सं. २०७५ फागुनमा गरिएको कुराकानी ।

योगेन्द्र सुवेदी, भरतपुर महानगरपालिका-९ सँग वि. सं. २०७५ फागुनमा गरिएको कुराकानी ।

Dhakal, D.P.(2074 BS). Nepalma Ukhada Bhumi Vyabastha. *HISAN Journal of History Association*, *3* (1). History Association of Nepal.